सूचनाको हक सम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली,२०६५ को नियम ३ बमोजिम सार्वनजिक गरिएको विवरण

आ.व.२०८३।०८४ को श्रावण देखि असोज मसान्त सम्म सम्पादन गरिएको कार्यहरुको प्रथम त्रैमासिक विवरण

स्वतः प्रकाशन

(proactive Disclosures)



नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
जोमसोम,मुस्ताङ

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकसम्बन्धी ऐन,२०६४ को दफा ५ र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ मा प्रदान गरिएबमोजिम निकायले आफ्ना गतिविधिहरुको विवरण ३/३ महिनामा प्रकाशित गर्नुपर्ने कानुनी व्यवस्था छ। सोही बमोजिम यस कार्यालयबाट सम्पादन भएका आ.व. २०८३/२०८४ को २०८३ साउन देखि असोज मसान्त सम्मको प्रथम त्रैमासिक विवरण प्रकाशन गरिएको छ।

१.कार्यको स्वरुप र प्रकृतिः

नेपालमा चिठीपत्र मार्फत खवर,सूचना र सामाचार आदान प्रदान गर्ने उद्देश्यले तत्कालीन राणा प्रधानमन्त्री रणोद्दिप सिंहको पालामा वि.सं.१९३५ मा नेपाल हुलाक घरको स्थापना भई हुलाक सेवाको प्रारम्भ भएको पाइन्छ ।हुलाक सेवालाई नेपालमा थप व्यवस्थित प्रभावकारी र जनमुखी बनाउन विसं २०१९ मा हुलाक सेवा ऐन आएपछि हुलाक सेवाको समूचित व्यवस्थापन गर्दै आएको छ ।जसअनुसार हिमालपारीको जिल्लाको रुपमा परिचित हिमाली जिल्लाका नागरिकहरुलाई चिठीपत्र आदानप्रदान गर्न सहजता ल्याउन विसं २०३१ मा जिल्ला हुलाक कार्यालय जोमसोम मुस्ताङमा स्थापना भएको हो । नेपाल सरकार,सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,हुलाक सेवा विभागको अन्तर्गतको जिल्ला हुलाक कार्यालय जोमसोम मुस्ताङले यस अन्तर्गतका स्थानीय तहमा रहेका हुलाक कार्यालयहरु र अतिरिक्त हुलाकहरुको अनुगमन गर्ने,हुलाक वस्तु,चिट्ठीपत्र सँग सम्बन्धित सेवा प्रदान गर्ने कार्य गर्दछ । सूचना तथा सञ्चार मन्त्रालय, हुलाक सेवा विभागबाट यस कार्यालयको लागि स्वीकृत भएको नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुरुप एक स्थानीय तह एक हुलाक कार्यालयको व्यवस्था भए बमोजिम मिति २०८१ श्रावण १ गतेदेखि थासाङ गाउँपालिकाको वडा नं १ टुकुचेमा,वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाको वडा नं ४ कागवेनीमा, लो घेकर दामोदरकुन्ड गाउँपालिकाको वडा नं १ चराङमा र लोमन्थाङ गाउँपालिकाको वडा नं ५ लोमन्थाङमा हुलाक कार्यालय स्थापना भै संचालन भएका छन् भने घरपझोङ गाउँपालिकाको सन्दर्भमा जिल्ला हुलाक कार्यालय, जोमसोमाबाट सेवा प्रदान भैरहेको छ ।

२. निकायका काम कर्तव्य र अधिकारः

हुलाक ऐन २०१९ हुलाक सेवा नियमावली २०२० तथा अन्य प्रत्यायोजित अधिकार बमोजिम जिल्ला हुलाक कार्यालय मुस्ताङको काम कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछन्

१.हुलाक वस्तुहरु जस्तैः- रजिष्ट्रि द्रुत सादा चिठीपत्र पार्सल दर्ता चलानी र डेलिभरी गर्ने ,

२.यस जिल्ला अन्तर्गत सञ्चालित एफ.एम, केवल टि.भीको लाइसेन्स इजाजत नवीकरणको अद्यावधिक गरी अभिलेखिकरण गर्ने ,

३.सेवाग्रहीको माग बमोजिम टिकट विक्री तथा वितरण गर्ने,

४.सेवाग्रहीको आवश्यकता बमोजिम पोष्ट बक्स सेवा उपलव्ध गराउने,

५.सूचना तथा प्रसारण विभागको कार्यादेश अनुसार प्रेस परिषद प्रमाणपत्र र पत्रकार नविकरण अनलाइन नविकरण अद्यावधिक सम्बन्धी कार्यहरु गर्ने,

६.राष्ट्रियसूचना आयोग र विज्ञापन बोर्डबाट प्रत्यायोजित कार्यादेश अनुसारका कार्यहरु गर्ने,

७. Government Courier Service को रुपमा हुलाक सेवा विभागसँग सम्झौता भएका कार्यहरु गर्ने,

५.सेवाग्रहीको माग बमोजिम नियमानुसार सूचनाहरु उपलब्ध गराउने ।

३. निकायमा रहने कर्मचारी संख्या र कार्यविवरण

क) सांगठनिक संरचनाको विवरण

क्र. सं.	पद	शुरुको स्वीकृत दरबन्दी संख्या	पदपूर्ती	रिक्त संख्या	कैफियत
१	हुलाक अधिकृत	१	१	-	
२	नायव सुव्वा	१	१	-	
३	खरिदार	८	६	१	१ लोकसेवामा माग भएको
४	सह लेखापाल	१	१	-	
५	हल्कारा	१८	१६	२	
६	हुलाकी	४	३	१	
७	का.स.	२	१	१	
	जम्मा	३५	२९	५	१ लोकसेवामा माग

ख) अतिरिक्त हुलाक कार्यालयको संरचनाको विवरण

क्र.सं	पद	हाल कार्यरत	कैफियत
१	प्रतिनिधी	३	
२	पत्र वितरक	४	
३	डाकँ वाहक	३	
जम्मा		१०	

ग) जिल्ला हुलाक कार्यालय,मुस्ताङ र अन्तर्गत पालिका हुलाक कार्यालयमा सम्पर्क कर्मचारी

जिल्ला हुलाक कार्यालय,मुस्ताङमा सम्पर्क कर्मचारी विवरण

सि.नं.	कर्मचारीको नाम	पद	शाखा	सम्पर्क नं	कैफियत
१	नविन अधिकारी	हुलाक अधिकृत	कार्यालय प्रमुख	९८५७६५०७५६	
२	शिवराम आचार्य	ना.सु.	प्रशासन तथा जिन्सी शाखा	९८५७६५१८००	
३	खुम राज बस्नेत	खरिदार	प्रशासन शाखा	९८४५९९३८८७	
४	सागर सुवेदी	सह लेखापाल	आर्थिक प्रशासन शाखा	९७४५९८८९२६	
५	प्रेम के.सी.	खरिदार	राहदानी सम्बन्धी-फोकल पर्सन (जिल्ला प्रशासन कार्यालय मुस्ताङ)	९७६१८९९२००	
६	प्रेम कुमारी थापा मगर पुन	खरिदार	डाँक शाखा	९८४६१७५६१३	
७	हर्ष वहादुर पुन	खरिदार	डाँक शाखा		
८	रमेशराज पौडेल	हल्कारा(पाँचौ)	डाँक शाखा	९८४७७०४२८९	

पालिका हुलाक कार्यालयमा सम्पर्क कर्मचारी विवरण

सि.नं.	पालिका हुलाक कार्यालयको नाम	कर्मचारीको नाम	पद	मोवाइल नं	कैफियत
१	हुलाक कार्यालय,थासाङ गाउँपालिका,टुकुचे,मुस्ताङ	गोपाल शर्मा सापकोटा	हल्कारा (पाँचौ स्तर)	९८४६००२१०६	
२	हुलाक कार्यालय,वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, कागवेनी, मुस्ताङ	मिथिलेश कुमार	खरिदार	९८४१२४२३४२	
३	हुलाक कार्यालय,ले-घेकर दामोदरकुण्ड गाउँपालिका, चराङ, मुस्ताङ	कर्च्युङ गुरुङ	हल्कारा (पाँचौ स्तर)	९७६५६३२७६६	
४	हुलाक कार्यालय,लोमन्थाङ गाउँपालिका, लोमन्थाङ, मुस्ताङ	धिकी गुरुङ	हल्कारा (पाँचौ स्तर)	९८४३९३३५५१	

घ) जिल्ला हुलाक कार्यालय,मुस्ताङ अन्तर्गत अतिरिक्त हुलाक कार्यालय तथा सम्पर्क कर्मचारी

सि.नं.	अतिरिक्त हुलाक कार्यालयको नाम	कर्मचारीको नाम	पद	मोबाइल नं	कैफियत
१	कुन्जो अतिरिक्त हुलाक कार्यालय,कुन्जो	मिना पुन मगर	प्रतिनिधी	९८४७७९९८१४	
२	कोबाङ अतिरिक्त हुलाक कार्यालय, कोबाङ	माया देवी दर्जी	पत्र वितरक	९८४७६९२२८३७	
३	झोङ अतिरिक्त हुलाक कार्यालय,झोङ	ल्होचोम गुरुङ	पत्र वितरक	९८०३४५९३००	
४	घमी अतिरिक्त हुलाक कार्यालय,घमी	धर्चिन गुरुङ	प्रतिनिधी	९८४४७३८३४५	
५	सुर्खाङ अतिरिक्त हुलाक कार्यालय,सुर्खाङ	याङजिन ल्हामो गुरुङ	डाँक वहाक	९८६७९७४७२१	
६	छोन्हुप अतिरिक्त हुलाक कार्यालय,छोन्हुप	याङजिन गुरुङ	पत्र वितरक	९८६६०११७३९	

४.कार्यालयबाट प्रदान गरिने सेवा

- हुलाक टिकट सम्बन्धी सेवा ।
- साधारण पत्र,रजिष्ट्री पत्र र रजिष्ट्री पुलिन्दा दर्ता सम्बन्धी सेवा ।
- द्रुत डाँक सम्बन्धी सेवा ।
- पत्रपत्रिका दर्ता एवं नविकरण सम्वन्धी सेवा ।
- एफ.एम.,टेलिभिजन नविकरण सम्बन्धी सेवा ।
- प्रेस पत्रकार सम्बन्धी सेवा ।
- तालुक निकायवाट निर्देशन भए अनुसार अन्य सेवाहरु ।
- हुलाक सेवा विभागले विभिन्न निकायसँग गरेका सम्झौतामा उल्लेखित सेवाहरु ।

५. शाखागत कार्यविवरण

क.प्रशासन शाखा

- कार्यालयबाट हुने पत्राचारसम्बन्धी सम्पूर्ण कार्य गर्ने ।
- हाजिरी/काज/विदा तथा अभिलेख सम्बन्धी कार्य गर्ने ।
- मासिक/त्रैमासिक/अर्धवार्षिक/वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने ।
- पालोपहरा,कार्यालय हाताको सरसफाईको व्यवस्था मिलाउने ।
- तोकिए बमोजिम कर्मचारी खटनपटन सम्बन्धी कार्य गर्ने ।
- पत्रपत्रिका दर्ता र नविकरण गरी अभिलेख राख्ने ।

- विभागबाट नविकरण भएका एफ.एम रेडियो,टि.भि. नविकरण सम्बन्धी अभिलेखिकरण सम्बन्धी कार्य गर्ने ।
- सूचनाको हक सम्बन्धी माग बमोजिम सूचना उपलब्ध गराउने ।
- जिल्लाभित्र रहेका अन्य सरकारी कार्यालयहरुले गरेको सूचनाको हक सम्बन्धी कामको अनुगमन,निरीक्षण गरी प्रतिवेदन तालुक निकायमा पठाउने ।

ख.डाँक शाखा

रजिष्ट्र पत्र र साधारण चिठीपत्र दर्ता र चलानी गर्ने ।

- पुलिन्दा सेवा दर्ता चलानी गर्ने ।
- द्रुत सेवा दर्ता चलानी गर्ने ।
- आन्तरिक तथा बाह्य जिल्लाबाट प्राप्त डाँक वितरण तथा डेलिभरीको व्यवस्थापन गर्ने ।

ग.टिकट काउन्टर शाखा

- तोकिएको स्टक बमोजिमको टिकटको अभिलेख राख्ने ।
- टिकट विक्रीबाट प्राप्त रकम राजश्व दाखिला गर्ने ।
- आवश्यकतानुसार टिकट माग गर्ने ।
- टिकट विक्री वितरण गर्ने ।

घ.जिन्सी शाखा

- कार्यालयमा आवश्यक पर्ने सामानहरुको खरिद आदेश स्वीकृत गराई खरिद गर्ने ।
- खरिद भएका सामानहरुको बिल संलग्न राखी दाखिला रिपोर्ट बनाई जिन्सी खातामा आम्दानी बाँध्ने ।
- कार्यालयमा रहेका प्रयोगमा ल्याउन नसकिने पुराना र जीर्ण जिन्सी सामानहरुको लागत तयार गरि लिलाम सम्बन्धि कार्य गर्ने ।
- आ.व.को अन्तिममा जिन्सी निरीक्षण गराउने ।
- जिन्सी सामानहरु भण्डारणमा सुरक्षितसाथ राख्ने ।

ङ. आर्थिक प्रशासन शाखा

- विभिन्न खर्च शिर्षकहरुमा खर्च गर्नका लागि गोश्वारा भौचर तयार गर्ने ।
- गोश्वारा भौचर अनुसार भुक्तानी आदेश तयार गरी स्वीकृतिका लागि पेश गर्ने ।
- स्वीकृत भुक्तानी आदेश कोष तथा लेखा नियन्त्रक कार्यालय पठाई निकासा लिने र खर्च गर्ने।
- राजश्व रकम दैनिक रुपमा राजश्व खातामा जम्मा गर्ने रफाँटवारी तयार गरि प्रतिवेदन गर्ने ।

- मासिक /त्रैमासिक प्रतिवेदन तयार गरी कोष तथा लेखा नियन्त्रक कार्यालय र तालुक निकायमा पठाउने ।
- आर्थिक प्रशासनसँग सम्बन्धित श्रेस्ता सुरक्षित राख्ने ।
- कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आलेप गराउनेर मलेपबाट खटिई आएको टोलीसमक्ष लेप गराउने ।
- आलेप र मलेप बाट बेरुजु लेखिन आएमा सम्परीक्षण गराउने र फछ्यौंट गराउने ।
- हुलाक सेवा विभाग बाहेक अन्य निकायबाट प्राप्त रकमलाई विविध खातामा आम्दानी बाँध्ने ।
- कार्यालयमा प्राप्त हुन आएको धरौटी रकम रौटी खातामा जम्मागर्ने,नियमानुसार फिर्ता गर्ने,सदर स्याहा गर्ने र फाँटबारी तयार गरी प्रतिवेदन गर्ने ।

च) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी अधिकारी

क्र.सं.	शाखा	पद	जिम्मेवार कर्मचारी	गुनासो सुन्ने अधिकारी
१	कार्यालय प्रमुख	हुलाक अधिकृत	नविन अधिकारी	कार्यालय प्रमुख
२	प्रशासन/जिन्सि शाखा	ना.सु.	शिवराम आचार्य	
३	लेखा शाखा	सह-लेखापाल	सागर सुवेदी	
४	डाँक/टिकट शाखा	खरिदार/हल्कारा	प्रेमकुमारी थापा मगर /रमेशराज पौडेल	

६.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

क्र.सं.	विवरण	लाग्ने दस्तुर	अवधि	कैफियत
१	हुलाक टिकट	हुलाक दर अनुसार	तुरुन्तै	
१	साधारण चिठीपत्र दर्ता	रु.१०	२ मि.	२० ग्रामसम्म
३	रजिष्ट्री चिठीपत्र दर्ता	रु.४०	३ मि.	२० ग्रामसम्म, यसभन्दा माथि तौल अनुसार थप हुँदै जाने ।
४	रजिष्ट्री पुलिन्दा	रु.२००	३ मि.	न्युनतम २ के.जि.भन्दा माथि तौल अनुसार थप हुँदै जाने ।

नेपाल सरकार
संचार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
मुस्ताङ

५	द्रुत सेवा आन्तरिक	रु.७०	३ मि.	४० ग्रामसम्म थप २० ग्रामको रु.१५ अधिकतम २ के.जी.सम्म ।
६	पोस्टकार्ड	देश अनुसार	३ मि.	न्यूनतम २० ग्रामसम्म। भन्दा माथि तौल अनुसार ।
७	साना प्याकेट	रु.२०	३मि.	५० ग्रामसम्म भन्दा माथि तौल अनुसार थप हुँदै जाने ।
८	हुलाक सेवा विभागबाट जिल्लाबाट प्रदान गर्न तोकिएका सेवाहरु		सेवाअनुसार	हुलाक सेवा विभागबाट तोकिएको शुल्क

७) निवेदन,उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी

क.निवेदनः- सूचनाको हक सम्बन्धी ऐन २०३४ को दफा ७ मा भएको व्यवस्था बमोजिम कार्यालयमा निवेदन दिनुपर्नेछ ।

ख. उजुरी उपर निर्णय गर्ने प्रक्रियाः- ऐन ,नियम,विभाग तथा मन्त्रालयबाट प्राप्त परिपत्र, सूचनाको हक सम्बन्धि ऐन २०६४ र नियमावली २०६५ लगायत प्रचलित कानून बमोजिम ।

ग. निर्णय गर्ने अधिकारीः- कार्यालय प्रमुख

८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः- कार्यालय प्रमुख

९. सम्पादन गरेको कामको विवरण

- प्रशासनिक तथा अन्य काम कारवाही सुचारु रुपले सम्पादन गरिएको।
- गत आ.व.को अन्तिम चौमासिक विवरण सूचना आयोगलाई पठाइएको।
- हिमालपारीको आवाज साप्ताहिक पत्रिका नविकरण तथा उक्त पत्रिकालाई लोक कल्याणकारी विज्ञापन प्रकाशनको अनुगमन गरी भुक्तानी गरिएको।
- टिकट विक्री सम्बन्धी विवरण PTMS प्रणालीमा प्रविष्टी गरिएको ।
- हुलाक निर्देशनालय, कास्की, पोखरालाई मासिक तथा वार्षिक प्रगति विवरण पठाइएको।
- जिल्ला प्रशासन कार्यालय मुस्ताङलाई मासिक तथा वार्षिक प्रगति विवरण पठाइएको।
- जिल्लाभित्र रहेका अन्य सरकारी कार्यालयहरुले गरेका सूचनाको हक सम्बन्धी कामको अनुगमन, निरीक्षण गरि सार्वजनिक निकायमा रहेका सूचना अधिकारीहरुको विवरण अद्यावधिक गरिएको ।

- प्राप्त भएका राहदानी घर घरमा पुऱ्याई वितरण गरिएको ।
- जिल्ला हुलाक कार्यालय लगायत पालिका हुलाक कार्यालयहरु हुलाक कार्यालय, थासाङ गाउँपालिका, टुकुचे र हुलाक कार्यालय वारागुङ मुक्तिक्षेत्र गाउँपालिका, कागवेनीमा PITS प्रणालीद्वारा हुलाक सेवा संचालन गरिएको ।
- गत आ.व.मा काम नलाग्ने र प्रयोगमा नआएका जिन्सी सामानहरुको लिलाम बिक्री गरिएको ।
- करार र अतिरिक्त हुलाकमा काम गरिरहेका करारका कर्मचारीहरुको कार्यसम्पादनका आधारमा नविकरण गरिएको र राष्ट्रिय सतर्कता केन्द्रको अनलाइन पोर्टलमा सम्पत्ति विवरण तोकिएको समयभित्र बुझाएका कर्मचारीहरुको विवरण प्रविष्ट्री गरिएको ।

१०.२०८३ साउन देखि असोज मसान्त सम्मको डाँक शाखाबाट सम्पादन भएका कामको प्रगति विवरण

दर्ता प्राप्ती एवं वितरण

सि.नं.	साधारण चिठी पत्र दर्ता काउन्टर	रजिष्ट्रि चिठी पत्र दर्ता काउन्टर	रजिष्ट्रि पुलिन्दा दर्ता काउन्टर	अन्य जिल्लाबाट प्राप्त साधारण पत्र		अन्य जिल्लाबाट प्राप्त राजिष्ट्री पत्र		अन्य जिल्लाबाट प्राप्त राजिष्ट्री पुलिन्दा		पोष्ट कार्ड चलान	समाचार पत्रिका प्राप्त	बुक पोस्ट प्राप्त	जम्मा
				स्वदेश	विदेश	स्वदेश	विदेश	स्वदेश	विदेश				
प्राप्ती	१४८	३८०	१	१७	१८	२१२	२	६	१	३०	७५६	५	१५७६
वितरण	१४८	३७६ फिर्ता-४	१	१७	१८	२०९ फिर्ता-३	२	६	१	३०	७५६	५	१५६९ फिर्ता-७

११.कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः

क.कार्यालय प्रमुखः नविन अधिकारी

पदः हुलाक अधिकृत

मोवाइल नं. ९८५७६५०७५६

ख.सूचना अधिकारीको नामः शिवराम आचार्य

पदः नायव सुव्वा

मोवाइल नं. ९८५७६५१८००

१२.ऐन,नियम,विनियम वा निर्देशिकाको सूची

- रेडियो ऐन, २०१४
- हुलाक ऐन, २०१९
- सञ्चार संस्थान ऐन, २०२८
- छापाखाना र प्रकाशन सम्बन्धि ऐन, २०४८
- प्रेस काउन्सिल ऐन, २०४८
- राष्ट्रिय प्रसारण ऐन, २०४९
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- हुलाक नियमावली, २०२०
- अतिरिक्त हुलाक नियमावली, २०३४
- रेडियो सञ्चार(लाइसेन्स) नियमावली, २०४९
- सूचनाको हक सम्बन्धी नियमावली, २०६५

१३) आम्दानी,खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण

१.आम्दानीको विवरण

सि.नं.	आम्दानीको स्रोत	२०८३ साउन देखि असोज मसान्त सम्म	कैफियत
१	टिकट विक्री राजश्व	रु. २५,९८०।-	
२	Counter Entry मार्फत दर्ता गरिएका हुलाक वस्तुवाट संकलित राजश्व	रु. ७,०४०।-	
३	वैदेशिक पार्सल (भन्सार)	रु. २६६१।-	
जम्मा		रु. ३५,६८१।-	

२.खर्चको विवरण

सि.नं.	शिर्षक	२०८३ साउन देखि असोज मसान्त सम्म	कैफियत
१	चालु खर्च	रु ५०,४४,१५६।-	
२	पूजीगत खर्च	रु ०	
जम्मा		रु ५०,४४,१५६।-	



१४.तोकिए बमोजिमका अन्य विवरणः

विज्ञापन बोर्डबाट स्वीकृत यस जिल्लाको एकमात्र पत्रिका हिमालपारीको आवाज पत्रिकाको लोककल्याणकारी विज्ञापनको अनुगमन गरी सो बापतको रकम भुक्तानी गरिएको ।

१५. यस अवधिमा सम्पादन भएका कार्यक्रमहरुः

- १५२ औं विश्व हुलाक दिवस विविध कार्यक्रम गरि सम्पन्न गरिएको ।
- तालिम हल मर्मत सम्भार कार्य गरिएको ।
- सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५ मा भएको व्यवस्था बमोजिमका पक्षहरुमा जिल्लास्थित सार्वजनिक निकायमा सूचनाको हक सम्बन्धी अनुगमन सम्बन्धी कार्य भैरहेको

१६.सार्बजनिक निकायको वेभसाइटः

- ❖ वेवसाइटः **mustangnepalpost.gov.np**
- ❖ इमेलः **mustang@nepalpost.gov.np** र **dpomustang2@gmail.com**
- ❖ फोन नं ०६९-४४००२२

१७.सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण, अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरण

यस अवधिमा कुनैपनि वैदेशिक सहायता,सहयोग एवं अनुदान प्राप्त नभएको ।

१८.सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिएको विषय

यस त्रैमासिक अवधिमा कुनैपनि सूचना माग नभएको ।

१९. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समायवधि

- नेपाल प्रेस काउन्सीलबाट यस जिल्लामा क वर्गमा वर्गिकरणमा रहेको पत्रिका हिमाल पारीको आवाज नियमित रुपमा साप्ताहिक रुपमा प्रकाशन भैरहेको । यस

पत्रिकाले साप्ताहिक रुपमा विज्ञापन वोर्डवाट तोकिएका लोककल्याणकारी विज्ञापन प्रकाशन गरिरहेको ।

२०.सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका भए सो को विवरण:-

- यस निकायका सूचनाहरु अन्यत्र प्रकाशन नभएको

नेपाल सरकार
सञ्चार तथा सञ्चार मन्त्रालय
हुलाक सेवा विभाग
जिल्ला हुलाक कार्यालय
मुस्ताङ